मध्यनेपाल नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २, संख्याः १, प्रकाशित मितिः २०७६।१०।२८

## भाग-१

### मध्यनेपाल नगरपालिकाको प्रशासकीय कार्यविधि -नियमित गर्ने) ऐन, २०७४

**प्रमाणीकरण मिति :** २०७५।०१।१०

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले मध्यनेपाल नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्तनाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम मध्यनेपाल नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा** : (१) बिषयवाप्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले “मध्यनेपाल नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४” सम्झनु पर्छ।

(ख) “कार्यपालिका” भन्नाले मध्यनेपाल नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) “नगरपालिका” भन्नाले मध्यनेपालनगरपालिकासम्झनु पर्छ ।

(घ) “सभा” भन्नाले मध्यनेपाल नगरपालिकाको नगरसभा सम्झनु पर्छ ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियमबनाउने अधिकार** : (१) नेपालको संविधान तथ ास्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।

आज्ञाले,

नर बहादुर खड्का

प्रमुखप्रशासकीयअधिकृत